# द्वन्द्व पीडित घाइते अपाङ्ग उपचार राहत खर्च कार्यविधि, २०७७

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "द्वन्द्व पीडित घाइते अपाङ्ग उपचार राहत खर्च कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "अपाङ्गता भएका व्यक्ति" भन्नाले सशस्त्र द्वन्द्वमा घाईते भई तत्कालिन स्थानीय शान्ति समितिको सिफारिसमा समावेश भएका र कार्यदलको प्रतिवेदनमा अपाङ्गता भनी उल्लेख भएका व्यक्तिलाई सम्झनु पर्छ र सो शब्दले प्रदेश प्रसिको लागि भएको आन्दोलनमा घाईते तथा अपाङ्ग भएका व्यक्तिलाई समेत जनाउछ।

(ख) "अस्पताल" भन्नाले कर्णाली प्रदेश अस्पताल सुर्खेत, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्ला, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पताल काठमाडौं, शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ललितपुरलाई सम्झिनु पर्छ।

(ग) "जनआन्दोलन" भन्नाले २०६२/६३ को जनआन्दोलनलाई सम्झिनुपर्छ ।

(घ) "प्रदेश" भन्नाले कर्णाली प्रदेश सम्झनु पर्छ।

(ङ) "प्रदेश प्राप्तिको आन्दोलन" भन्नाले कर्णाली प्रदेश प्राप्तिको लागि भएको आन्दोलन

सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

Scanned with CamScanner

(छ) "सशस्त्र द्वन्द्व " भन्नाले सम्वत् २०५२ साल फागुन १ गते देखि सम्वत् २०६३ साल मंसिर ५ गतेसम्म राज्य पक्ष र तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको सशस्त्र द्वन्द्व सम्झनु पर्छ।

३. <u>उपचार गराउन सक्ने</u> : कर्णाली प्रदेशभित्र स्थायी बसोबास भई सशस्त्र द्वन्द्व वा प्रदेश प्राप्ति र जनआन्दोलनको क्रममा घाईते अपाङ्गता भएका व्यक्तिहरुले तोकिएको अस्पतालमा देहाय बमोजिमका कागजात सहित उपचार गराउन सक्नेछन् :-

(क) घाईते वा अपाङ्गता भएको विवरण खुल्ने कागजात वा परिचय पत्र वा नेपाल सरकारले दिएको कुनै आधिकारिक कागजात,

(ख) सशस्त्र द्वन्द्व वा प्रदेश प्राप्ति वा जनआन्दोलनको क्रममा घाइते वा अपाङ्गता भएको विवरण खुल्ने कागजात,

४. <u>उपचार खर्च</u> : (१) मन्त्रालयले घाईते वा अपाङ्गता भएका व्यक्तिहरुको उपचारको लागि सम्बन्धित अस्पतालहरुमा शर्त सहित उपचार बापतको राहत रकमको अख्तियारी पठाउनेछ।

(२) उपदफा (१) बमोजिम पठाईएको रकम अस्पतालले घाईते अपाङ्गता भएका व्यक्तिहरुको उपचारमा खर्च गर्नुपर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि अस्पतालले घाईते वा अपाङ्गता भएका व्यक्तिहरुको उपचारको क्रममा आवत जावत गर्दा लाग्ने एक जना सहयोगी वा कुरुवा समेतलाई सरकारी दररेट अनुसारको यातायात खर्च उपलब्ध गराउनेछ ।

(४) अस्पतालले घाईते वा अपाङ्गता भएका व्यक्तिहरुलाई दैनिक रु पन्ध्र सयका दरले वढीमा दश दिन सम्मको आवास तथा खाना खर्च उपलब्ध गराउनेछ।

(५) अस्पतालले घाइते वा अपाङ्गता भएका व्यक्तिहरु उपचारको क्रममा अस्पतालमा बस्नु पर्ने भएमा निजको अस्पतालमा उपचारको अवधिसम्मको नियमानुसारको सर्वशुलभ खाना तथा बास खर्च उपलब्ध गराउनु पर्नेछ।

सचिव



Scanned with CamScanner

(६) अस्पतालले घाइते वा अपाङ्गता भएका व्यक्तिहरुको उपचारको क्रममा कुरुवा बस्नु पर्ने भएमा रु पन्ध्र सयका दरले कुरुवालाई आवास र खाजा खर्च बापतको रकम अस्पतालले उपलब्ध गराउनेछ ।

५. <u>अभिलेख राख्नु पर्ने</u> : अस्पतालले घाइते अपाङ्गहरुको उपचार गरेको खर्चको प्रगति मन्त्रालयमा पठाउनु पर्नेछ।

६. <u>बाधा अड्काउ फुकाउने</u> : यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार प्रदेश मन्त्रिपरिषद्मा रहनेछ।

७. <u>प्रदेश सरकारले निर्देशन दिन सक्ने</u> : यस कार्यविधि बमोजिम उपचार बापतको राहत रकम वितरण गर्दा प्रदेश सरकारले आवश्यक निर्देशन दिन सक्नेछ।

८. <u>विविध</u> : घाईते अपाङ्गता भएका व्यक्तिहरुको उपचार बापतको राहत खर्च सम्बन्धी आवश्यक अन्य विषय मन्त्रालयबाट पठाईने अख्तियारीमा उल्लेख गरे बमोजिम हुनेछन् ।

११. <u>खारेजी र बचाउ</u> : द्वन्द्व पीडित राहत वितरण कार्यविधि, २०७६ लाई खारेज गरिएको छ। उक्त कार्यविधि बमोजिम भए गरेका कामकारवाहीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

सचिव

Scanned with CamScanner